मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

वागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२

०४८-५४०५९८

च.नं

प.सं

मिती:-२०७७/०६/२१

## सार्वजनिक सुचना

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र प्रचलित कानुनको उपहास र स्थानीय तहको अधिकारको हस्तक्षेप हुने गरी जारी जिल्ला प्रशासन कार्यालय रामेछापको मिती २०७७ असोज २० को सार्वजनिक सुचना प्रति मन्थली नगरपालकाको गम्भिर ध्यानाकर्षण भएको छ । नेपालको संविधानको अनुसुची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सुचीको देहाय ८ मा आधारभुत र माध्यामिक शिक्षा सञ्चालनको जिम्मेवारी स्थानीय तहको रहेको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) मा उल्लेखित प्रावधान अनुसार आधारभुत र माध्यामिक शिक्षाको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, अनुगमन मूल्यांकन र नियमनको कार्य स्थानीय तहको रहेको, कोभिड १९ का कारण पठन पाठन बन्द रहेको विद्धालयहरु र अलपत्र छात्र छात्राहरुको शैक्षिक सत्र गुम्न नदिन वैकल्पिक माध्यमबाट पठनपाठन सञ्चालन गर्ने नेपाल सरकार शिक्षा, युवा तथा खेलकुद मन्त्रालयको जारी निर्देशनको आधारमा यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका विद्धालयहरुमा वैकल्पिक माध्यमबाट पठन पाठन भइरहेको छ ।

शिक्षा, युवा तथा खेलकुद मन्त्रालयको वैकल्पिक माध्यमबाट सिकाई प्रक्रिया अगाडि वढाउन निर्देशन पश्चात मिती २०७७ भाद्र २९ गते बसेको नगर क्षेत्रका विद्धालयहरुका प्रधानाध्यापक वैठकले विद्धार्थी संख्या न्युन भएका विद्धालयहरुमा टोलटोलमा सिकाई केन्द्र स्थापना गर्न असम्भव भएकाले विद्धालयहरुमा नै सिकाई केन्द्र निर्धारण गरी भौतिक दुरी लगायतका सुरक्षाका मापदण्ड अपनाउदै जोर विजोरको माध्यमबाट सिकाई सहजिकरण प्रक्रिया अगाडि वढाउने निर्णय गरेको थियो । विद्धालय सञ्चालनका सन्दर्मभा आवश्यक निर्णय लिन वसेको मन्थली नगरपालकाको नगर शिक्षा समितीको भाद्र ३१ गतेको वैठकले विद्धार्थी सिकाई सहजिरकण निर्देशिका २०७७ बमोजिम विद्धालयले विद्धार्थी सिकाई सहजिकरण प्रक्रिया छनौट गरी कार्य योजना निर्माण गर्ने र निर्मित कार्य योजना नगरपालिकाबाट स्वीकृत गराई सिकाई सहजिकरण प्रक्रिया अगाडि वढाउन विद्धालयलाई निर्देशन दिने निर्णय गरेको थियो । मन्थली नगरपलिका नगर कार्यपालिकाको २०७७ असोज १ गतेको वैठकले नगर

मंन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बाग्मती प्रदेश, नेपाल

च.नं
प.सं

क्षेत्रमा रहेका विद्धालयले भौतिक दुरी लगायतका सुरक्षा व्यवस्थाको अवलम्वन गरी न्यून विद्धार्थीको उपस्थितिमा विभिन्न सिफ्टमा कक्षा विभाजन गरी विद्धालय सञ्चालन गर्ने र सो को अनुगमन लगायतका कार्य वडा शिक्षा समितीले गर्ने निर्णय गरेको थियो ।

मन्थली नगरपालिकाको अधिकांस विद्धालय इन्टरनेटको पहुँचमा नरहेका, मन्थली वजार क्षेत्रभन्दा वाहिरका वस्तीहरुमा इन्टरनेट सेवा नपुगको, नगरको अधिकांस भू भाग ग्रामीण भेगमा रहेकाले टोलटोलमा सिकाई केन्द्र सञ्चालन गर्न समेत कठिनाई हुने अवस्था रहेको छ । मन्थली वजार भन्दा वाहिर रहेका विद्धालयहरुमा उपलब्ध भौतिक पूर्वाधार र फर्निचरको तुलनामा विद्धार्थी संख्या न्यून रहेको र कोभिड १९ का कारण शैक्षिक सत्र गुम्न नदिन विद्धार्थी सिकाई सहजिकरण निर्देशिका २०७७ को दफा ५ को देहाय (क) (४) मा भएको व्यवस्था वमोजिम समुदायमा रहेका वा रहने सिकाई केन्द्र वा विद्धालयमा एक आपसमा भौतिक दुरी कायम गरी वसाई व्यवस्था मिलाई पाठ्य पुस्तक र छपाई सामाग्री प्रयोग गरी शिक्षक मार्फत पठन पाठन सञ्चालन गरिएको र सो को कार्यान्वयका लागि नगरपालिकाबाट समेत अनुगमन गर्ने गरिएको जानकारी गराईन्छ । कोभिड १९ को संक्रमण जोखिम न्यूनिकरण गर्न मन्थली नगरपालिकाको सम्पूर्ण शक्ती केन्द्रित भैरहेको र सम्भावित जोखिममा रहेका म.न.पा. ४ को सालु, म.न.पा. ५ को सुनारपानी म.न.पा. ३ को कठजोर र म.न.पा. १३ को देविटार क्षेत्रमा रहेका विद्धालय हालसम्म बन्द रहेको समेत जानकारी गराइन्छ । तसर्थ कसैको अनाधिकृत विज्ञप्तीको आधारमा विद्धालय सिकाई केन्द्र बन्द नहुने र नियमित स्वास्थ्य मापदण्ड पुरा गरी विद्धालय सिकाई केन्द्र निरन्तर रुपमा सञ्चालन गर्न गराउन समेत सम्बन्धित सबैमा अनुरोध छ ।

रमेश कुमार वस्नेत
नगर प्रमुख

रमेश कुमार बस्नेत
प्रमुख